**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांसपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक दैनिक

eprateekdaily .com

**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 07 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३६

## कृषि औजार कारखानाबारे अध्ययन गरेर निर्णय गरिने –मन्त्री अधिकारी

प्रस, वीरगंज, २२ साउन/

कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानाको विषयमा सरकारले गर्न सक्ने सहयोगबारे विस्तृत अध्ययन र छलफल गरेर आवश्यक निर्णय गर्ने बताएका छन् ।


तस्वीरः प्रतीक

मङ्गलवार कारखानाको स्थलगत अनुगमन गर्दै उनले कारखानाको विषयमा आगामी दिनमा मन्त्रालयमा छलफल गरेर सहयोग गर्ने आश्वासन दिए। उनले कृषि औजार कारखानाको विषयमा पर्याप्त जानकारी भएपछि मात्रै निर्णय गर्न सहज हुने बताए ।

राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन र कृषि औजार कारखाना वीरगंजका इन्चार्ज इन्जिनीयर रितेश देवले केन्द्रले सञ्चालन र व्यवस्थापन गर्दै आएको कारखानाको विषयमा मन्त्री अधिकारीलाई जानकारी गराएका थिए। केन्द्रका अध्यक्ष पुनले सरकारसँग हातेमालो गरेर अघि बढ्न चाहेको बताए। उनले आगामी दिनमा नयाँ सोच र ढङ्गबाट अघि बढ्न जरुरी भएको प्रतिक्रिया दिए । कृषि औजार कारखानामा निकै पुराना खालका औजारका मेशीन छन् । त्यसैले अब आधुनिक मेशीन जडान गरेर साना खालका कृषि औजार उत्पादन गर्न आवश्यक भएको उनले बताए ।

कृषि औजार कारखाना सञ्चालन समितिका संयोजक तथा वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले २०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले तीन दशकदेखि बन्द कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालन गर्न केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेको बताए । केन्द्रले योजना निर्माण, जनशक्ति विकास र कृषि औजार उत्पादन तथा बजारीकरण गर्नेछ, उनले जानकारी गराए। कारखानाबाट उत्पादित सामग्री करपछिको रकम ५० प्रतिशत राष्ट्रिय आविष्कार केन्द्र कोष खडा गरी राखिने र बाँकी ५० प्रतिशत सरकारको राजस्वमा जम्मा हुने प्रमुख भन्सार प्रशासक पन्थीले बताए ।

सरकारले २०७९ असोज ११ गते कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिएको थियो। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको उपस्थितिमा अर्थ मन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए। केन्द्रले कारखाना जिम्मा लिएको २२ महीनामा १८–२० थरीका कृषि औजार तथा उपकरण तयार पारिसकेको छ ।

कारखानाका इन्चार्ज देवले केन्द्रले छोटो अवधिमा कारखानामा रहेका पुराना र जीर्ण उपकरण मर्मतसम्भार गरी सञ्चालन गर्न सक्ने अवस्थामा ल्याएको जानकारी गराए ।

कार्यक्रममा मन्त्रालयका सचिव डा दीपक खरेल, सहसचिव डा रामकृष्ण श्रेष्ठ, कृषि सामग्री कम्पनीका प्रमुख विष्णु पोखरेललगायतको सहभागिता थियो ।

### कृषि औजारमा किताबको लगानी

वैज्ञानिक महावीर पुनले कृषि औजार कारखाना सञ्चालनका लागि विभिन्न स्रोतबाट रकम सङ्कलनको अभियान चलाइरहेका छन्। यस भेगका स्थानीय तहले पुनको यस महत्त्वपूर्ण परियोजनामा हालसम्म कुनै पनि सहयोग गरेको छैन । बारा, पर्सा, रौतहटलगायतका स्थानीय तहहरूले आफ्नो नगरसभा बजेटमा समेत कृषि औजारका लागि बजेट छुट्याएको पाइएको छैन ।

पुन एक्लोको प्रयासले आफ्नो आत्मकथा किताब एक लाख २० हजार थान बिक्री गरी झन्डै नौ करोड सङ्कलन गरेका छन्। उनले कृषि औजार कारखाना सञ्चालनका लागि आफ्ना अन्तर्राष्ट्रिय पदकहरू बेचेर भएपनि कारखाना सञ्चालन गर्ने अठोट लिएका छन्। वीरगंज महानगर अन्तर्गत पर्ने देशको एकमात्र कृषि औजार कारखानाका लागि महानगरपालिकाले समेत कुनै सहयोग गरेको छैन ।

कृषि औजार कारखानामा धान काट्ने, आलु रोप्ने, घाँस काट्ने मेशीनलगायत विभिन्न कृषि औजारहरू निर्माण भइसकेका छन् ।

## भन्सार जाँचपासमा रासायनिक मललाई प्राथमिकता दिन निर्देशन

प्रस, वीरगंज, २२ साउन/

कृषि तथा पशुपक्षी विकासमन्त्री



रामनाथ अधिकारीले रासायनिक मलको भन्सार जाँचपास प्रक्रियालाई प्राथमिकतामा राख्न दुवै भन्सार कार्यालयका प्रमुखलाई निर्देशन दिएका छन् ।

सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंज र वीरगंज भन्सार कार्यालयको अनुगमन गर्दै उनले विदेशबाट आयातीत रासायनिक मलको भन्सार जाँच प्रक्रियालाई सहज र सरल बनाउन आग्रह गरे । उनले रासायनिक मलको भन्सार जाँचपासमा ढिलासुस्ती हुँदा कृषकले मल अभावको सास्ती भोग्नुपरेको बताउँदै छिटोछरितो काम गर्न निर्देशन दिए ।


वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले रासायनिक मलको प्राविधिक जाँचको रिपोर्ट आउने बित्तिकै भन्सार पास हुने गरेको बताए। उनले विदेशी मुलुकबाट आयात गरिने रासायनिक मलको ल्याबमा प्राविधिक जाँच गर्नुपर्ने तथा प्रयोगशालामा मलको जाँच नगरीकन कृषकलाई वितरण गर्न नमिल्ने बताए । रिपोर्ट आएपछि सोही अनुसार छिटोछरितो काम गरिरहेको बताए ।

एकीकृत जाँचचौकीमा भारतबाट मालवाहक सवारीसाधन तथा ट्रेलरमा रासायनिक मल र अन्य वस्तु तथा सामान आउने गरेको उनले बताए ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालले कार्गोबाट आउने रासायनिक मलको भन्सार जाँचपास प्रक्रियामा आवश्यक सहजीकरण भइरहेको बताए ।

कृषि सचिव दीपककुमार खरालले केरा र अन्य फलफूलको ‘एचएस कोड’ एउटै हुँदा स्वदेशी केराखेती गर्ने कृषक मर्कामा परेकाले पनि यो समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्न आग्रह गरे। मन्त्री अधिकारीले आजै खाद्य आयात–निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, क्वारेन्टाइन कार्यालय (आइसिपी) र कृषि सामग्री केन्द्र प्रादेशिक कार्यालयलगायतको अनुगमन निरीक्षण गरेका थिए ।

## मधेस प्रदेशका मुख्यमन्त्रीद्वारा प्रमलाई २२ बुँदे मागपत्र प्रस्तुत


तस्वीरः सौजन्य

प्रस, जनकपुरधाम, २२ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मङ्गलवार प्रधानमन्त्री केपी शर्मा ओलीलाई २२ बुँदे मागपत्र बुझाएका छन्।

प्रदेशको विकासका निम्ति दीर्घकालीन सकारात्मक असर पार्ने केही योजनालाई आफूहरूले अघि बढाउन खोजेको भन्दै मुख्यमन्त्री सिंहले यसमा सङ्घीय सरकारले साथ दिनुपर्ने माग गरेका छन्। हुलाकी राजमार्ग अन्तर्गत कमला पुललगायत अन्य पुल निर्माण पूरा गर्नुपर्ने, जनकपुर–जयनगर रेल यातायातमा मालवाहक रेलको व्यवस्था हुनुपर्ने, जानकी मन्दिर विकास कोषको स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्राङ्गणाको सौन्दर्यीकरण गर्नुपर्ने मुख्यमन्त्रीले मागपत्रमा उल्लेख गरेका छन् ।

जनकपुरधामस्थित बाऱ्हबिघा रङ्गभूमि मैदानलाई व्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने, मधेस प्रदेशका आठ जिल्ला भारतीय नाकासँग जोडिएका हुनाले पर्यटक भित्र्याउन पर्यटकीय कोरिडोर निर्माण हुनुपर्ने प्रधानमन्त्रीलाई बुझाइएको मागपत्रमा उल्लेख छ ।

यसैगरी, कमला नदीको बगरमा बगरखेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोतसाधनमा सहयोग गर्नुपर्ने, भारतीय रेल नेटवर्कसँग जोडिएका दुईवटा शहर जनकपुर र वीरगंजमा व्यापारका लागि आवश्यक स्रोत र साधनको प्रबन्ध मिलाउन माग गरेका छन् ।

कृषि अनुदान कृषकको खातामा सीधैं जानुपर्ने व्यवस्था मिलाउनुपर्ने, बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयनमा ल्याउनुपर्ने, हरेक जिल्लामा उद्योग क्षेत्र निर्माण गर्नुपर्ने, मधेस प्रदेशमा आइटी पार्क निर्माण गर्नुपर्ने सो मागपत्रमा उल्लेख छ ।

## समयमा वर्षा भएपछि धान कृषकहरू खुशी


तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, २२ साउन/

पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा धान रोपाइँ गरेका किसानहरू मङ्गलवार बिहानदेखि परेको वर्षाको कारण खुशी भएका छन् ।

२० दिनदेखि एक महीनाभित्र धान रोपाइँ गरेका किसानहरूले वर्षा भएपछि खेत सिञ्चित भएको र धान गोडमेल गरी मलखाद छर्न थालेका छन् ।

पर्सागढी नगरपालिका–३ का किसान लक्ष्मण महतोले तीन सातादेखि वर्षा नहुँदा अत्यधिक गर्मीका कारण किसानले रोपेको धानबाली पहेंलिएर विभिन्न रोग, कीरा लाग्न थालेको बताए । उनले समयमा धानबालीलाई पानी चाहिने हुँदा वैकल्पिक सिंचाइको व्यवस्था गरिरहेका बेला आज बिहानदेखि वर्षा भएपछि राहत महसूस भएको बताए ।

वर्षा भएपछि रोग र कीराको प्रकोप न्यून हुने र धानबालीको लागि पानी अमृतसमान भएको उनले बताए ।

हिजोसम्म अत्यधिक गर्मी तथा चर्को घामका कारण धानखेतमा घाँसपात उम्रिएको र गोडमेल गर्न गाऱ्हो भइरहेको अवस्थामा आज बिहान पानी परेपछि गोडमेल गर्न पनि सजिलो भएको किसानहरूको भनाइ छ ।

## मधेस प्रदेशमा थप पाँचजना राज्यमन्त्री नियुक्त

प्रस, वीरगंज, २२ साउन/

मधेस प्रदेश सरकारमा थप पाँचजना राज्यमन्त्री नियुक्त भएका छन् ।

मुख्यमन्त्री सतीशकुमार सिंहले मङ्गलवार काङ्ग्रेसबाट दुई, जनमत, एमाले र लोसपाबाट एक/एक जना गरी पाँचजना राज्यमन्त्री नियुक्त गरेका हुन्। नवनियुक्त राज्यमन्त्रीहरूमा एमालेबाट भौतिक, पूर्वाधार विकास र ाज्यमन्त्री महम्मद जयद आलम, नेकाबाट भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री रेखा ठाकुर, ऊर्जा सिंचाइ सरसफाइ तथा खानेपानी मन्त्री नीलमकुमारी रजक र लोसपाबाट शिक्षा तथा संस्कृति राज्यमन्त्री रामबाबू यादव तथा जनमतबाट उद्योग, पर्यटन राज्यमन्त्री शम्भु साह नियुक्त भएका छन्।

यससँगै मधेस प्रदेश सरकारको मन्त्रिपरिषद् २० सदस्य भएको छ । जसमा मुख्यमन्त्रीसहित जनमतका तीन, एमाले र काङ्ग्रेसका चार/चार र लोसपाको एक मन्त्रालय छ ।

यसअघि, एमाले र जनमतका दुईजना राज्यमन्त्री नियुक्त भएका छन्। आज थप पाँच राज्यमन्त्रीसँगै मधेस प्रदेश सरकारको मन्त्रिपरिषद् २० सदस्यीय भएको छ ।


तस्वीरः रासस

**विचारसार र सूक्तिहरू**

जुन मानिस एकान्तमा पनि प्रसन्न रहन सक्छ, ऊ कि जनावर हो वा भगवान् ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# जनतालाई कमजोर नठानौं

**बङ्गलादेशमा आरक्षणसम्बन्धी व्यवस्थाविरुद्धको असन्तुष्टि सरकारविरोधी आन्दोलनमा परिणत भयो । प्रतिपक्षीविहीन जस्तै अवामी लिगको सरकार चुनाव सम्पन्न भएको पाँच महीना नपुग्दै चकनाचुर बन्यो । दक्षिण एशियाकै सबैभन्दा शक्तिशाली नेत्री मानिएकी प्रधामन्त्री शेख हसिना पदबाट राजीनामा गरेर विदेश पलायन हुन बाध्य भइन् । ससाना असन्तुष्टिहरू पनि धेरैवटा भएमा र समयमा समाधान गरिएन भने त्यसले एकीकृत रूप लिंदा थेग्नै नसकिने हुन्छ । आरक्षणविरोधी असन्तुष्टि समयमा सम्बोधन गरिएको भए ठूलो आन्दोलन हुने थिएन । त्यसैगरी, १५ वर्षयता विभिन्न चुनावमा हुँदै आएका धाँधली तथा अपारदर्शी प्रक्रिया, बढ्दो महँगी, बेरोजगारी, विपक्षी दलहरूविरुद्ध केन्द्रित गैरन्यायिक हिरासत, बेपत्ता, हत्या, मूल्यवृद्धि, सामाजिक असमानता, सत्तापक्षीय युवा विद्यार्थी सङ्गठनको गुन्डागर्दी, अराजकता, यी सबै असन्तुष्टि परालको आगो जस्तै भित्रभित्रै सल्किरहेका थिए । जसले विरोध गऱ्यो, ऊ जेलको कालकोठरीमा पुग्नुपर्थ्यो । सैनिक शासनविरुद्ध 'मरौं कि गरौं' भन्ने कसम खाएर एकसाथ हसिनासँगै जनविद्रोहमा होमिएकी पूर्वप्रधानमन्त्री बेगम खालिदा जियालाई त राजनीतिक प्रतिद्वन्द्विताका कारण कारावास गराएकी हसिनासँग सामान्यतः असन्तुष्टि व्यक्त गर्ने हिम्मत कसको ?**

**हसिना बङ्गलादेशको राजनीतिमा जरा, लहरा फिंजाएर बसेकी एक जबरजस्त शक्ति हुन् । अहिले नै थियो भन्ने बेला भएको छैन । किनभने यस्ता राजनीतिक उथलपुथल धेरै हुन्छन् । सच्चिएर आयो भने समयले घाउहरू पुरिन सक्छ र देशवासीले पुनः माया गर्ने दिन पनि नआउला भन्न सकिन्न । पाकिस्तानबाट बङ्गलादेश अलग हुने बेला अर्थात् सन् १९७१ को स्वतन्त्रता युद्धमा सहभागी र तिनका परिवारजनहरू अधिकांश अहिले पनि शेख हसिनाको पक्षमा छन् । उनीहरूकै लागि सन् १९७२ देखि आरक्षणको व्यवस्था गरिएको थियो । जनस्तरमा हसिनाको यो सम्बन्ध छ भने सैन्यशक्ति र न्यायालयमा समेत हसिनाका आज्ञाकारीहरू छन् । सेनाप्रमुख जनरल बकेर–उज–जमान हसिनाका विश्वास पात्रमध्ये एक हुन् । उनले परिस्थितिलाई मध्यनजर गर्दै हसिनाको बहिर्गमनका निम्ति सुरक्षाको अनुकूल वातावरण तय गरिदिएको चर्चा छ । आरक्षणविरोधी आन्दोलन सन् २०१८ मा नै शुरू भएको थियो । त्यस बेला बाध्य भएर सरकार पछि हट्नुपऱ्यो । विभिन्न विरोधका बावजूद सरकारले आरक्षण प्रणाली खारेजीको घोषणा गरेको थियो तर हसिनाको आन्तरिक चाहना भने आरक्षण प्रणाली लागू गर्नु नै रह्यो । उनको भावना अनुसार अदालतले आरक्षण प्रणाली ब्यूँताइदियो । अझ अदालतले यतिसम्म किटानी गरिदियो कि "आरक्षण प्रणाली खारेज गर्नु भनेको अपराध हो ।"**

**अदालतले निर्णय गरे पनि फेरि आन्दोलन चर्कियो र अहिलेको अवस्थामा आइपुग्यो । युवा विद्यार्थीको आन्दोलन सरकारले थेग्न नसक्ने भएपछि फेरि सर्वोच्च अदालतलाई प्रयोग गरियो । सर्वोच्चले हसिनाको चाहना अनुसार तल्लो अदालतको फैसला बदर गर्दै आरक्षण प्रणाली खारेज गऱ्यो । तर समय घटकिसकेको र आन्दोलनमा अरू मुद्दाहरूसमेत जोडिएर सरकारविरुद्ध केन्द्रित भइसकेको हुँदा हसिना सत्ताच्युत भइन् । यसले के देखाउँछ भने राज्य सञ्चालनका संयन्त्रहरू जतिसुकै कब्जामा राखे पनि जनता जाग्यो भने जस्तोसुकै शक्तिशाली शासक पनि परास्त हुनेछन् । सत्ता र शक्तिको आडमा जनतालाई कहिल्यै पनि तुच्छ, कमजोर र मूर्ख ठान्नुहुँदैन ।**

# आइएमएफ र नेपाली अर्थतन्त्र

अन्तर्राष्ट्रिय मुद्रा कोषले जनवरी २०२२ मा स्वीकृत गरेको विस्तारित ऋण सुविधा अन्तर्गत ४१.३ मिलियन अमेरिकी डलरको सुविधा स्वीकृत गर्नुका साथै नेपालको आर्थिक अवस्थाबारेमा केही सार्थक टिप्पणीसमेत गरेको छ । नेपालको अर्थतन्त्र चुनौतीपूर्ण रहेको उल्लेख गर्दै आर्थिक वर्ष २०२३/२४ को आर्थिक वृद्धिदर तीन प्रतिशत रहने भनिएकोमा त्यो पनि प्राप्त हुनेमा शङ्का व्यक्त गरेको छ । नेपालको वित्तीय क्षेत्र अनुत्पादक क्षेत्रमा भएको लगानी र सहकारीका कारण यस्तो अवस्था उत्पन्न भएकोतर्फ इङ्गित गरेको छ । गत वर्षको मार्च महीनासम्म नेपालमा ३१ हजार ४५० वटा सहकारी रहेका जसमा करीब ७० लाख सदस्य सङ्ख्या भई ४७८ बिलियन निक्षेप जम्मा भई ऋणतर्फ (७.३८ मिलियन) ४०५ बिलियन लगानी भएको र यसले ९४ हजार व्यक्तिलाई रोजगार दिएको देखिन्छ । यसमध्ये करीब २५ हजार सहकारी वित्तीय कारोबारमा संलग्न रहेका पाइएकामा १५ हजारसँग निक्षेप सङ्कलन गर्ने अनुमति भएको र बाँकी बहुमुखी उद्देश्यका स्थापितहरूले पनि निक्षेप सङ्कलन गरिरहेको पाइएको छ । यसमध्ये करीब ५०० सहकारी रुग्ण अवस्थाका रहेका छन् । प्रजातन्त्रको बहालीपछि आर्थिक क्षेत्रको तेस्रो खम्बाको रूपमा विकास गरिएका सहकारीहरू यसरी ध्वस्त हुनुका पछाडिको कारण राष्ट्र बैंकको जस्तो शक्तिशाली निकायको अभाव हुनाले राजनीतिक र सुखदारहरूले सहकारी खोल्ने र निजी प्रयोगको लागि रकम अपचलन गर्ने प्रवृत्ति बढेका कारण आजको अवस्था उत्पन्न भएको देखिन्छ ।

अब पनि यस क्षेत्रलाई नियमन र अनुगमन नगर्ने हो भने यसले बैंकिङ प्रणालीको विश्वसनीयतामा प्रतिकूल प्रभाव पार्नुका साथै सामाजिक सद्भावसमेत बिथोल्न सक्ने सङ्केतहरू देखा परेको छ । प्रचण्ड सरकारले प्रत्येक खाताधारकहरूलाई रु पाँच लाख दिने वाचा गरेको थियो तर अहिले उनको सरकार ढलेको छ । नयाँ सरकारले के गर्छ हेर्न बाँकी छ ।



स्वतन्त्र विचार

विनोद गुप्ता

**एकातिर पूँजीगत खर्च असारबाहेक ५० प्रतिशत कट्न सकेन भने अर्कोतर्फ रणनीतिक पूर्वाधारका विकास योजना राजनीतिक अस्थिरताका कारण प्रभावित भएर समयमा पूरा हुन सकेन, जसले गर्दा अर्थतन्त्रमा अपेक्षित टेवा पुग्न सकेन ।**

हुनत सहकारी अपचलन छानबीनको लागि संसदीय समिति बनेको छ तर समिति बन्दा एमाले सत्तापक्ष र काङ्ग्रेस विपक्षमा थियो । सदन अवरोध गर्दै काङ्ग्रेसले राखेको संसदीय छानबीन समिति बनेको हो तर अहिले काङ्ग्रेस र एमालेकै गठबन्धन सरकार बनेकोले संशयको स्थिति उत्पन्न भएको छ तर यस सम्बन्धमा अर्थविद्हरूले भने सहकारीको मुद्दा राम्ररी व्यवस्थापन गर्न नसके मास प्रोटेस्टसमेत हुन सक्ने सम्भावना औंल्याएका छन् ।

सहकारीका साथै अन्तर्राष्ट्रिय मुद्रा कोषले ठूला आयोजनाहरूको कार्यान्वयन पक्षमा सुधार नभए विकासले गति लिनेमा शङ्का व्यक्त गरेको छ । यसका साथै उसले राजस्व सङ्कलनमा कमी आए पनि विप्रेषण आयमा भइरहेको निरन्तर वृद्धिका कारण नेपालको वित्त प्रणाली सन् २०२३/२४ मा सन्तुलित नै रहेको उल्लेख गर्दै ऊर्जा क्षेत्रमा भइरहेको लगानी एवं भौतिक पूर्वाधारमा भइरहेको रणनीतिक लगानी र आन्तरिक मागमा तीव्र वृद्धि हुन सकेमा ४.९ प्रतिशतसम्म पुग्ने अनुमान गरेको छ । ऊर्जा क्षेत्रमा राम्रो भइरहे पनि आन्तरिक अर्थतन्त्र भने समस्यामा छ । बैंकहरूमा पर्याप्त तरलता छ, यसको उपयोगको लागि खपत बढाउनु आवश्यक छ । जसको लागि आम जनताको हातमा पैसा हुन जरुरी छ । यसको लागि सरकारी एवं निजी क्षेत्रले लगानी बढाउनुपर्ने हुन्छ । फेरि यसको लागि भने वित्तीय र मौद्रिक नीतिमा सन्तुलन हुन आवश्यक छ । हालको अवस्था हेर्ने हो भने सरकारले कृषि अनुदान रोकेको छ । दुग्ध उत्पादकहरूको अर्बौं रुपियाँ भुक्तानी हुन बाँकी छ भने निर्माण क्षेत्रको पनि करीब ५०–६० अर्ब रुपियाँ भुक्तानी हुन बाँकी छ । यही हाल बीमा क्षेत्रको पनि छ । किन यस्तो भयो भनेर विचार गर्दा बैंकहरूले अनुत्पादक क्षेत्रमा गरेको लगानीका साथै सरकारले पनि बजेट बनाउँदा चालू खर्च र वित्तीय व्यवस्थापनको लागि चाहिने रकम उठती राजस्वभन्दा बढी भएकोले पूँजीगत शीर्षकको खर्च आन्तरिक र बाह्य ऋण लिएर पूरा गर्ने उद्देश्य लिएर बनाएको बजेटको कार्यान्वयन पक्ष सुस्त रह्यो । एकातिर पूँजीगत खर्च असारबाहेक ५० प्रतिशत कट्न सकेन भने अर्कोतर्फ रणनीतिक पूर्वाधारका विकास योजना राजनीतिक अस्थिरताका कारण प्रभावित भएर समयमा पूरा हुन सकेन, जसले गर्दा अर्थतन्त्रमा अपेक्षित टेवा पुग्न सकेन ।

अब अर्थतन्त्रमा पनि विशेषगरी आन्तरिक अर्थतन्त्र सुधारका लागि आउने मौद्रिक नीति निजी क्षेत्रलाई प्रोत्साहन प्रदान गरी आर्थिक क्रियाकलापलाई सघाउन सक्ने गरी लचिलो हुनुपर्छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषले As monetary policy transmission is still weak in context of balance sheet repair a cautious and data dependent monetary policy remains appropriate to preserve price and external stability अर्थात् मूल्य स्थिर र बाह्य स्थायित्वका लागि नेपालले तथ्याङ्क निर्भर मौद्रिक नीति बनाउनु उपयुक्त हुनेछ । जसले हालको मौद्रिक नीतिको कमजोर कार्यान्वयन एवं वित्तीय असन्तुलनको मरम्मतसम्भारको लागि यो आवश्यक छ । नेपालको अर्थतन्त्रको आकार ठूलो नभएकोले कार्यान्वयन पक्ष इमानदार भएमा यसमा छिट्टै सुधार हुन सक्छ । हेरौं नयाँ सरकारमा अर्थमन्त्री एमालेको र राष्ट्र बैंकका गभर्नर एम अधिकारीको नामबाट एमाले सदस्य भएको भन्ने अपुष्ट भनाइ एवं नेपाली काङ्ग्रेसबाट माओवादीको गठबन्धन सरकारमा अर्थमन्त्री रहनुभएका प्रकाशशरण महतले गभर्नरले सहयोग नगरेको गुनासोको पृष्ठभूमिमा कस्तो मौद्रिक नीति सार्वजनिक हुन्छ हेरेपछि मात्रै थप चर्चा गर्नु उपयुक्त होला । त्यसै पनि सरकारलाई १०० दिनको मोहलत दिने चलन त छँदैछ ।

# जनउत्तरदायी शासन व्यवस्थाप्रति प्रतिबद्ध –प्रम ओली

प्रस, काठमाडौं, २२ साउन/

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार स्वच्छ, सक्षम, निष्पक्ष, जनउत्तरदायी शासन व्यवस्थाप्रति प्रतिबद्ध रहेको बताएका छन् ।

मङ्गलवार सङ्घीय संसद्को राज्य व्यवस्था समितिको बैठकमा ओलीले संविधानले गरेको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने कुरामा सरकार प्रतिबद्ध रहेको बताए । यसबाट नै देशमा विकास र समृद्धि ल्याउन सकिन्छ भन्ने कुरामा सरकार स्पष्ट रहेको ओलीले बताए । त्यसको लागि भ्रष्टाचार निवारण ऐन २०५९ मा संशोधन गर्न आवश्यक रहेको ओलीले बताए ।

नेपाललाई समृद्ध बनाउन र नेपाली जनतालाई सुखी बनाउनका निमित्त भ्रष्टाचार तगारोका रूपमा रहेको ओलीले बताए । "हामी समृद्ध देश बनाउने र देशका जनतालाई सुखी बनाउने दिशामा अगाडि बढिरहेका छौं, यस दिशामा खतरनाक तगारो भनेको भ्रष्टाचार हो," ओलीले भने ।

ओलीले कर लगाएर मात्रै नहुने बताउँदै कर छली रोक्नु पनि त्यत्तिकै जरुरी रहेको बताए । भ्रष्टाचारका विभिन्न रूपको पहिचान गरी त्यसलाई नियन्त्रण गर्न सरकार दृढ रहेको ओलीले बताए । "कसैले कसूर गऱ्यो भने मुख हेरेर, अनुहार हेरेर कसूरमा क्षमा गर्ने यो काम सरकारले गर्दैन," उनले भने ।



तस्वीरः सौजन्य

अहिलेको सरकार प्रतिशोधका लागि नबनेको पनि ओलीले प्रस्ट पारे । "सरकार अर्थतन्त्रमा सुधार विकासमा गति ल्याउनको लागि हो, त्यस कारण यसले कसैप्रति आग्रह, पूर्वाग्रह राख्ने, कसैप्रति अनावश्यक, अनुचित, झूटा कुराहरू उछाल्ने र कसैलाई दुःख दिने खालका पनि गर्दैन भन्ने कुरा म स्पष्ट गर्न चाहन्छु, कसैलाई दुःख दिने यो सरकारको मनसाय छैन," ओलीले भने ।

ओलीले कानूनमा सबै बराबर हुने भएकोले सरकारले कसैले गलती गऱ्यो भने नछाड्ने पनि स्पष्ट पारे ।

ओलीले विभिन्न कारणले मानिसहरूमा 'फ्रस्टेसन' आउने बताउँदै नागरिकमा देखिएको निराशा चिर्न लाग्नुपर्ने बताए । लोकतन्त्रको संस्थागत विकाससँगै समृद्धिका कामबाट यो निराशा चिर्न सकिने उनको भनाइ छ ।

# नेप्से परिसूचकमा उच्च अङ्कले गिरावट

काठमाडौं, २२ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार उच्च अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १४५ दशमलव शून्य पाँच अङ्कले ओरालो लागेर दुई हजार ६५१ मा सीमित भएको छ । कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २७ दशमलव २२ अङ्कले ओरालो लागेर ४६४ दशमलव ५६ मा सीमित भएको छ ।

कुल पाँच करोड ३८ लाख ४४ हजार २३७ कित्ता शेयर रु २३ अर्ब ७१ करोड ६७ लाख १६ हजार ८७४ मूल्यमा कारोबार भयो । नेप्सेका अनुसार घटेको बजारमा श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । कुर्थली बुखरी स्मल हाइड्रोपावर नौ दशमलव ९७, लक्ष्मी भ्याल्यू फन्ड दोस्रो तीन दशमलव ९४, मेघा म्युचुअल फन्ड पहिलो तीन दशमलव ८१ र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले तीन दशमलव १६ प्रतिशतले कमाएका छन् ।

नेपाल फाइनान्स, गुर्खाज फाइनान्स, सेन्ट्रल फाइनान्स, पञ्चकन्यामाई हाइड्रो पावर र एनआरएन इन्फास्ट्रक्चरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

# प्रदेशिक अस्पतालका पदाधिकारी पदमुक्त

प्रस, महोत्तरी, २२ साउन/

महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिकी अध्यक्ष मिनु झा पदमुक्त भएकी छन् ।

मधेस प्रदेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मन्त्रीस्तरीय बैठकबाट प्रादेशिक अस्पताल जलेश्वरको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिकी अध्यक्ष झाका साथै मनोनीत पदाधिकारीहरूलाई पदमुक्त गर्ने निर्णय गरेको जनाएको छ ।

मन्त्रालयले अस्पताल व्यवस्थापन समितिलाई गत साउन २ गते सोधेको स्पष्टीकरणको उचित जवाफ नआएकोले साउन २० गतेको बैठकले जलेश्वर प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई पदमुक्त गरिएको कुरा मङ्गलवार अस्पताललाई प्राप्त मन्त्रालयको पत्रमा उल्लेख छ ।

यस सम्बन्धमा पदमुक्त भएकी झाले भने आफूहरूलाई मन्त्रालयले राजनीतिक प्रतिशोध साँधेको आरोप लगाएकी छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# बकैया नदीमा आठ पुल निर्माण गरिंदै

बकैया (मकवानपुर), २२ साउन/रासस

काठमाडौं–तराईरमधेस द्रूतमार्ग (फास्ट ट्र्याक) सडक आयोजनाअन्तर्गत मकवानपुरदेखि बारासम्म बकैया नदीमा आठ वटा पुल निर्माण हुँदैछ ।

दुई वटा पुल प्याकेज ३ अन्तर्गत निर्माण भइरहेका छन् । हाल आठ वटै पुल निर्माण भइरहेका छन् । निर्माणाधीन सबै पुल आगामी दुई वर्षमा सम्पन्न हुने आयोजनाले जनाएको छ । ललितपुरको खोकनाबाट बाराको निजगढसम्मको द्रूतमार्ग ७० दशमवल नौ सय ७७ किलोमिटर लामो छ । सडकमा विभिन्न स्थानमा १२ दशमलव आठ सय ८५ किमी लम्बाइका ८९ पुल निर्माण हुनेछन् ।

द्रूतमार्ग विसं २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनालाई १३ प्योकजमा विभाजन गरी निर्माण गरिएको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनका चरणमा छन् । बाँकी चार पुल खोकना क्षेत्रमा छन् । सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा ढिलाइ भइरहेको छ ।




# कञ्चनपुरमा भएको अति भारी वर्षाको कारण 'तराई क्लाउड ब्रस्ट'

काठमाडौं, २२ साउन/रासस


जल तथा मौसम विज्ञान विभागले गत असार २३ गते कञ्चनपुरलगायत क्षेत्रमा भएको अति भारी वर्षाको अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको छ ।

विभागले आइतवार सार्वजनिक गरेको प्रतिवेदन अनुसार सो वर्षाको प्रणालीहरूको सम्मिश्रण प्रक्रिया तथा वर्षाको परिमाणका आधारमा उक्त मौसमी घटनालाई 'तराई क्लाउड ब्रस्ट' नामकरण गरिएको छ ।

विभागले जिल्लाका दोधारा, हनुमाननगर र सुन्दरपुरमा जडित स्वचालित वर्षा मापन उपकरणहरूको स्थलगत परीक्षण गरी दोधारा र हनुमाननगर हावापानी केन्द्रमा जडित उपकरणको कार्य अवस्था मापदण्ड भित्रै रहेको र प्राप्त तथ्याङ्क सही रहेको उल्लेख गरेको छ ।

तथापि सुन्दरपुर केन्द्रमा जडित उपकरणबाट हाल प्राप्त भएको तथ्याङ्क विभागको मापदण्डभन्दा फरक देखिएकाले थप अध्ययन गर्नुपर्ने स्थलगत परीक्षण टोलीले पेश गरेको विभागको प्रतिवेदनको सारांशमा उल्लेख छ ।

गत असार २३ गते राति २२:०५ देखि २३:०५ बजेसम्म एक घण्टाको अवधिमा हनुमाननगरमा १०२ मिलिमिटर वर्षा मापन भएको थियो । उक्त क्षेत्रमा सतही, मध्य र उपल्लो वायुमण्डलमा मनसुनी र पश्चिमी वायुमा विकास भएको न्यूनचापीय प्रणालीहरूको सम्मिश्रणका कारण अत्यधिक वर्षा भएको अध्ययनबाट देखिएको विभागका प्रवक्ता सुनील पोखरेलले जानकारी दिए ।



सर्वाधिक वर्षाका कारण कञ्चनपुरका समथर भूभागहरू डुबानमा परेका तथा विभिन्न नदीखोलामा बाढीसमेत आई क्षति भएको थियो । असार २५ गते बिहान ६:१५ बजेको सेटेलाइट तस्बिरको विश्लेषण गर्दा कञ्चनपुरको करीब ९८ वर्ग किलोमिटर क्षेत्रफल (कुल क्षेत्रफलको करीब छ प्रतिशत) भूभाग डुबानमा परेको थियो । जसमध्ये करीब ८५ वर्ग किमी कृषियोग्य भूभाग रहेको तथा ससाना संरचनाहरूसमेत गरी करीब १४ हजार भवन प्रभावित भएका थिए ।

नेपालमा हालसम्म मापन गरिएको सर्वाधिक वर्षाको घटनामा तुलनात्मकरूपमा कम क्षति भएको विवरणहरू स्थलगत भ्रमणका क्रममा गरिएका अन्तर्क्रिया तथा अन्य स्रोतबाट प्राप्त भएको छ । यसरी क्षति न्यूनीकरण हुनुमा विभागबाट समयमैं प्रवाह गरिएको विशेष बुलेटिनहरू, प्रभावमा आधारित मौसम पूर्वानुमान, 'मास एसएमएस' सेवा तथा सोअनुरूप पर्याप्त पूर्वतयारी र पूर्वकार्य एवं प्रभावकारी खोज तथा उद्धारको प्रमुख भूमिका रहेको प्रतिवेदनको निष्कर्ष छ ।

जलवायु परिवर्तनका कारण यस्ता विषम जल तथा मौसमी घटनाहरू बढ्दै जाने हुँदा विपद्को जोखिम न्यूनीकरण गर्न पूर्वानुमान तथा पूर्वतयारीलगायतका उपरोक्त क्षेत्रहरूमा लगानी बढाउँदै जानु आवश्यक रहेको प्रतिवदेनको सुझाव छ ।

# 'मिडिया काउन्सिल'लाई 'आमसञ्चार परिषद्'मा परिवर्तन गर्ने सहमति

काठमाडौं, २२ साउन/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडिया काउन्सिल विधेयकको नाम आमसञ्चार परिषद्मा परिवर्तन गर्न आफू सकारात्मक रहेको बताएका छन् । साथै उनले नाम परिवर्तनमा आफ्नो विमति नरहेको स्पष्ट गरेका छन् ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको मङ्गलवारको बैठकमा 'मिडिया काउन्सिल विधेयक'लाई 'आमसञ्चार परिषद्'का रूपमा नामकरण गर्न उनले समर्थन जनाएका हुन् । उनले भने, "मिडिया काउन्सिलको सट्टा आमसञ्चार परिषद् राख्नु उपयुक्त हुन्छ ।"

बैठकका सहभागीहरूले विधेयकको नाम नेपाली हुनुपर्ने माग गरेका सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्यालले बताइन् । सचिव अर्यालले 'मिडिया काउन्सिल' प्रचलित रहेकाले यो असान्दर्भिक नहुने बताइन् । यद्यपि उनले नेपाली नामप्रति असहमति जनाइन् ।

समितिकी सभापति जयन्तीदेवी राईले नेपाली भाषाको संरक्षण गर्ने उद्देश्यले सांसदहरूले विधेयकको नाम आमसञ्चार परिषद् राख्नुपर्नेमा सबै सदस्यले जोड दिएको बताइन् ।

त्यस अघि सांसद मदनकुमारी शाह (गरिमा)ले नेपाली भाषाको संरक्षण गर्नु राज्यको दायित्व भएकोले विधेयकको नाम नेपाली नै हुनुपर्ने संशोधन प्रस्ताव दर्ता गरेकी थिइन् ।

समितिका सदस्यहरू बेदुराम भुसाल, गङ्गाकुमारी बेलबासे, सुमित्रा बिसी, सुरेश आलेमगर, युवराज शर्माले विधेयकको नाम नेपालीमा राख्नुपर्ने बताएका थिए भने अर्का सदस्य कृष्णप्रसाद सिटौलाले मिडिया काउन्सिल पदावली विश्वभर स्थापित प्रचलित भएकोले त्यो पनि अमान्य नहुने तर्क गरेका थिए ।

समितिका अर्का सदस्य नारायणदत्त भट्टले मिडिया काउन्सिल पनि मान्य हुने बताएका थिए । विधेयकमा काउन्सिलको सिफारिश समिति छनोट, अध्यक्ष छनोट, उपभोक्ता सङ्ख्या, उमेरको हदबन्दीलगायतका विषयमा सबैको एउटै मत छैन ।

# बागमती नदीमा जलसतह बढिरहेकाले उच्च सतर्कता अपनाउन अनुरोध

काठमाडौं, २२ साउन/रासस

काठमाडौं उपत्यकाका नदीमा जलसतह सतर्कता पार गरेकाले उच्च सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभागले अनुरोध गरेको छ ।

विभागले मोबाइलमा सन्देश पठाएर काठमाडौं उपत्यकास्थित बाग्मती नदीको गौरीघाट, खोकना र मनोहरा जलमापन केन्द्रमा हालको जलसतह सतर्कता तह पार गरेको तथा बढ्दो क्रममा रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको हो ।

नदीको पानी सडक किनार र बस्तीसम्म आउन सक्ने भएकाले नदीको तटीय क्षेत्रमा यात्रा गर्ने र रहनेलाई बेलुका ५ बजेसम्म उच्च सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

विभागले यस अघि बिहान बिहान ३ बजेर ३० मिनेटमा पनि उपत्यकाको मनोहरा जलमापन केन्द्रमा जलसतह बढ्दो रहेको र सतर्कता तह नजीक पुगेकाले उपत्यकाको नदी तटीय क्षेत्रमा रहने तथा नदी किनारको सडकबाट यात्रा गर्नेहरूलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको थियो ।

# मालपोत तथा नापी कार्यालय गौशालाबाट सेवाप्रवाह हुँदै

महोत्तरी, २२ साउन/रासस

गौशालामा स्थापना भएको मालपोत तथा नापी कार्यालयले सेवा सञ्चालनको तयारी गरेको छ ।

केही वर्ष पहिले कार्यालय स्थापना गरिए पनि जिल्ला सदरमुकाम जलेश्वरस्थित मालपोत तथा नापी कार्यालयबाट नक्शा, अभिलेखलगायत कागजात ल्याउन नसकिएपछि सेवा सञ्चालन हुन सकेको थिएन ।

सोमवार कार्यालयका लागि आवश्यक नक्शा, अभिलेख र कागजात ल्याइएको छ । उक्त कागजात ल्याइसकेपछि अब सेवा सञ्चालनको तयारी गरिएको कार्यालय प्रमुख जीतेन्द्र झाले जानकारी दिए ।

सोमवार राति गौशालाका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको अगुवाइ तथा जलेश्वर र गौशाला मालपोत कार्यालयको समन्वयमा आवश्यक अभिलेख ल्याएपछि सेवा सञ्चालनको तयारी गरिएको हो । यस अघि जलेश्वरस्थित कार्यालयबाट कागजात ल्याउन जलेश्वरका लेखापढी व्यवसायीले विरोध गर्दै आएका थिए । कार्यालयले एक साताभित्रै सेवा शुरू गर्ने तयारी गरेको प्रमुख झाले बताए ।

"कार्यालय प्रयोजनका मोठ, श्रेस्ता, नक्शा, अभिलेख र सम्बद्ध कागजात आएका छन्," झाले भने, "यिनलाई व्यवस्थित गर्न एक साता लाग्छ होला, त्यस लगत्तै सेवा शुरू गर्नेछौं ।"

नापी तथा मालपोत कार्यालयले सेवा शुरू गरेपछि गौशाला क्षेत्रमा आर्थिक गतिविधि बढ्ने गौशाला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामराजाप्रसाद साहले बताए । मालपोतले सेवा सञ्चालनको तयारी गरेसँगै जिल्लाको पश्चिमी क्षेत्रका सर्वसाधारणले सहजरूपमा सेवा पाउने आशा गरेका छन् । कार्यालयले हालको गौशाला र औरही नगरपालिका तथा सम्सी र सोनमा गाउँपालिका क्षेत्रका सेवाग्राहीलाई सेवाप्रवाह गर्ने जनाइएको छ ।

**कर्मचारीको ...**

उनले अगाडि थपे, "सामान्य कुरो मन्त्रालयका वेबसाइटहरूसमेत अद्यावधिक नगर्ने कर्मचारीहरूबाट सर्वसाधारण सेवाग्राहीको काम हुन्छ भनेर कसरी विश्वास गर्ने ?" "सेवाग्राहीको आज हुने काम आजै गर्नुस्, भोलि या पर्सि हुन्छ भनेर ढिलाइ नगर्नुस् । बरु जनताको काम छिटोछरितो गर्न के गर्नुपर्छ भन्नुस् सरकारले त्यो काम गर्नेछ । तर आज हुने काम भोलि वा पर्सि भनेर टारेको म सुन्न चाहन्नँ । किनकि यसरी सरकारको कामको परिणाम देखिंदैन ।"

सरकारको तर्फबाट गर्नुपर्ने र राजनीतिक सामञ्जस्यता मिलाउने कार्यमा आफू सदा लागिपर्ने प्रतिबद्धता जनाउँदै मुख्यमन्त्री सिंहले काम गर्ने सवालमा कुनै पनि अप्ठ्यारो आए आफूलाई जानकारी गराउन आग्रह गरेका छन् ।

मधेस सरकारका सबै मन्त्रालयका कर्मचारी, आयोगका प्रतिनिधिहरू तथा राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यशाला गोष्ठी अर्थमन्त्री सुनीलकुमार यादवको अध्यक्षतामा भएको थियो ।




**जलमग्न मुख्यमन्त्री कार्यालयः** सोमवार रातिदेखि परेको अविरल वर्षापछि जलमग्न जनकपुरधामस्थित मधेस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# नारायणगढमा समातिएको बाघ निकुञ्जमा छाडियो

चितवन, २२ साउन/रासस

नारायणगढको नारायणी नदी किनारबाट नियन्त्रणमा लिइएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जमा छाडिएको छ । उक्त बाघलाई निकुञ्जको भित्री क्षेत्रमा सोमवार साँझ छाडिएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार नियन्त्रणमा लिइएको बाघको स्वास्थ्य अवस्था राम्रो रहेको छ । एक रात सौराहामा राखेर स्वास्थ्य अवस्था हेरेर निकुञ्जको भित्री भागमा छाडिएको हो । सूचना अधिकारी तिवारीले भने, "स्वास्थ्य, उमेर र मानिसलाई गरेको हानिको मूल्याङ्कन गरेर जङ्गलमा छाडिएको हो ।"

उनका अनुसार बाघ बूढो भएर शिकार गर्न नसक्ने भएमा नरभक्षी हुन सक्छ । बाघ बाटो बिराएर नारायणी किनारमा पुगेको र मानिससँग जम्काभेट हुँदा आक्रमण गरेको उनको भनाइ छ । रातको समयमा बाघ सक्रिय हुने र जङ्गल फर्किन ढिलो भएर मानिससँग जम्काभेट भएको हुन सक्ने अनुमान गरिएको छ । बाघले मानिसलाई आक्रमण गरेर घाइते बनाएपछि नजीकैको नरकट घारीमा लुकेको थियो । आइतवार बिहान घटना भएकामा साँझ बाघलाई नियन्त्रणमा लिएर सौराहा लगिएको थियो ।

बाघ अन्दाजी पाँच/छ वर्षको भाले हो । उद्धार गरिएको बाघ बूढो भए उसले प्राकृतिकरूपमा सिकार गर्न नसक्ने आधारमा खोरमैं राख्ने गरिन्छ । निकुञ्ज क्षेत्रमा खोरमा अहिले छवटा बाघ रहेका छन् । जसमध्ये दुईवटा देवनगरमा, तीनवटा कसरा र एउटा सौराहामा छन् ।



# वर्षाले हवाई उडान प्रभावित

काठमाडौं, २२ साउन/रासस

गएरातिदेखिको लगातारको वर्षाले मुलुकको हवाई उडान प्रभावित भएको छ । निरन्तरको वर्षाका कारण 'भिजिबिलिटी' कमजोर हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान प्रभावित भएको विमानस्थल कार्यालयले जनाएको छ ।

विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार बिहान टर्किस एयरलाइन्सको जहाज भारतको लखनउ र एयर इन्डियाको विमान बनारस 'डाइभर्ट' भएको छ । अन्तर्राष्ट्रिय उडानका आकाशमैं 'होल्ड' भएका विमान अहिले अवतरण भइसकेका छन् । आन्तरिकतर्फ वर्षाले नियमित उडान प्रभावित भएको छ । निर्धारित उडान केही समयपछि सारिएको विमानस्थलले जनाएको छ । वर्षा रोकिएसँगै भिजिबिलिटीमा सुधार आएपछि अहिले विमानस्थलबाट हुने उडान नियमित सञ्चालन भइरहेको महाप्रबन्धक निरौलाले बताए । आन्तरिक उडानमा केही ढिलाइ भएपनि नियमित विमान गन्तव्यमा उडिरहेका छन् ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको उत्तरतर्फ अवस्थित रहेकाले आज र भोलि मनसुन सक्रिय भई भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको छ । विशेषगरी कोशी, मधेस, बाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

# डेङ्गीबाट एकजनाको मृत्यु, ३० जनामा हैजा पुष्टि

काठमाडौं, २२ साउन/रासस

देशभर कीटजन्य तथा पानीजन्य रोगको सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले डेङ्गीबाट एकजनाको मृत्यु भएको मङ्गलवार जनाएको हो ।

गत पुसदेखि हालसम्म देशभर दुई हजार ३६५ जना डेङ्गीबाट सङ्क्रमित छन् । डेङ्गी सङ्क्रमण ७३ जिल्लामा फैलिएको छ । कोशी प्रदेशमा ५३७, मधेसमा ४६, बाग्मतीमा ७४७, गण्डकीमा ५०८, लुम्बिनीमा २४७, कर्णालीमा ३८ र सुदूरपश्चिममा २४२ जना सङ्क्रमित भएका छन् । काठमाडौं उपत्यकामा २८७, कास्कीमा १३७, झापामा १३३, चितवनमा ११६ र तनहुँमा ११० जना सङ्क्रमित छन् ।

त्यसैगरी, हैजा सङ्क्रमितको सङ्ख्या पनि बढ्दै गएको छ । देशभर ३० जनामा हैजा पुष्टि भएको इडिसिडीले जनाएको हो । हालसम्म हैजाबाट कसैको पनि मृत्यु भएको छैन ।

# स्तनपान कक्षको व्यवस्थातर्फ अझै उदासीनता

सन्दर्भ : विश्व स्तनपान सप्ताह



सिर्जना बस्नेत

**प्रत्येक वर्ष उत्सवका रूपमा 'विश्व स्तनपान सप्ताह' मनाउनुको मर्म त्यति बेला पूरा हुनेछ, जतिबेला एउटी आमाले विनासङ्कोच आफ्नो सन्तानलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्नेछिन् । सरकारी वा निजी कार्यालयको ढोकामा टाँगिएको ब्यानरले मात्रै कुनै अर्थ राख्दैन ।**

प्रत्येक वर्ष १ अगस्तदेखि ७ अगस्तसम्म मनाइने 'विश्व स्तनपान सप्ताह' नेपालमा पनि विभिन्न सरकारी, गैरसरकारी निकायहरूले मनाइरहेका छन्। विश्वका १२० भन्दा बढी देशमा स्तनपान सप्ताहलाई उत्सवका रूपमा मनाउने गरिन्छ। नेपालमा पनि यो वर्ष साउन १७ देखि साउन २२ (१ देखि ७ अगस्त २०२४) सम्म विश्व स्तनपान सप्ताह मनाइँदैछ ।

वर्ल्ड अलायन्स फर ब्रेस्ट फिडिङ एक्सन, विश्व स्वास्थ्य सङ्गठन र युनिसेफले एकसाथ जीवनको पहिलो छ महीनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साताव्यापीरूपमा मनाउने गरेको छ । यो उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूबीच जागरूकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो । यस वर्षको विश्व स्तनपान सप्ताहको नारा 'स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता' रहेबाट पनि स्तनपानमा सबैको सहयोग र सहभागिताको आवश्यकतालाई प्रस्ट गर्छ।

सरकारी कार्यालयको मुख्य प्रवेशद्वारमा नै 'विश्व स्तनपान सप्ताह' लेखिएको ब्यानर झुन्डिएका छन्। त्यही सरकारी कार्यालयमा सेवा लिन पुगेकी महिलाले काखमा बोकेको दूधे बालकलाई दूध चुसाउन कति सहज वातावरणको व्यवस्थापन गरेका छौं भन्ने चाहिं कहिल्यै बहसको विषय बनेको पाइँदैन। म स्वयम् स्तनपान गराउने आमा भएका कारण पनि आमाहरूले आफ्ना बच्चाहरूलाई स्तनपान गराउन भोग्नुपरेको सास्तीहरूको नमीठा घटनाहरूको स्वाद चाखेको छु । म जस्ता धेरै आमाले आफ्ना सन्तानलाई चाहेर पनि स्तनपान गराउन पाइरहेका छैनन् ।

केही दिन अघि काखमा नौ महीने छोरी च्यापेर राष्ट्रिय वाणिज्य बैंकको काउन्टरमा लाइनमा उभिएकी एक महिलाको दुवै स्तनबाट दूध बगेर कुर्ता भिजेको प्रस्ट देखिएको थियो। लाइनमा महिलाहरूको भन्दा पुरुषहरूको सङ्ख्या धेरै थियो। उनले बच्चालाई दूध चुसाउन अप्ठ्यारो महसूस गरिरहेकी थिइन् । नजीकै कतै पनि बच्चालाई दूध चुसाउन मिल्ने गोप्य कोठाको व्यवस्था थिएन।

एकातिर आमाको दूध गानिएर कुर्ता भिजेको थियो भने अर्कोतिर दूधे बालकको घाँटी सुकेर रोइरहेको थियो। लाइनमा उभिएकी महिलाको बच्चा हेरचाह गर्न साथी आएकी अर्की बहिनीले बट्टाको दूध बच्चालाई खुवाउँदै गर्दा आफूले ओढेको सलको फेरले उनले भिजेका स्तन छोपेर उनी लाइनबाटै काखे बच्चाले बोतलमा दूध पिएको हेरिरहिन्।

यस्तै, अर्को घटनाले पनि मलाई निकै असजिलो बनायो। १८ महीने छोरालाई साथमा लिएर नगरपालिकामा जग्गाको तिरो तिर्न आएकी एक महिलालाई उसको छोराले कुर्ताको फेर तानेर लाइनबाट बाहिर निस्कन कर गर्दै थियो । १८ महीने बालकलाई सायद आमाले सिकाएकी थिइन् होला मान्छेहरूको अगाडि दूध खान हुँदैन भनेर। बारम्बार छोरालाई सम्झाउँदा सम्झाउँदै पनि बालक मानिरहेको थिएन।

बालकको जिद्दी र रुवाइको अगाडि ती महिलाको केही लागेन । उनी लाइनबाट बाहिर निस्किएर धेरैबेर यताउता आँखा डुलाइन् । जति आँखा डुलाए पनि उनले बालकलाई दूध चुसाउने गोप्य कोठा वा ठाउँ फेला पार्न सकिनन्। गर्मीको समय अनि बालकको रुवाइले झर्किएर उनले गेटमा टाँगिएको 'विश्व स्तनपान सप्ताह' ब्यानरको पछाडिपट्टि छेकिएर बालकलाई दूध चुसाइन्।

यस्ता प्रतिनिधि घटनाहरू दैनिक आँखाकै अगाडि ठोक्किन आउने पात्रहरूका बाध्यताहरू हुन् । सरकारी कार्यालय, सार्वजनिक जमघट हुने स्थान, पार्क, विद्यालय, होटल, रेस्टुरेन्ट तथा पार्टी प्यालेसहरूमा समेत स्तनपान कक्षको छुट्टै व्यवस्था नहुँदा दूधे बालकमा आमाहरू बच्चालाई दूध चुसाउन असहज महसूस गर्छन् । ग्राहकको रुचि र मागलाई ध्यानमा राखेर होटलहरूमा धुम्रपान कक्षको व्यवस्था गर्न ध्यान पुग्ने होटल सञ्चालकहरूले पनि बच्चाका आमा पनि ग्राहक हुन्छन् अनि बच्चालाई दूध चुसाउने गोप्य कोठाको व्यवस्था गर्नुपर्छ भन्नेमा ध्यान पुगेको छैन।

कानूनमा स्तनपान नवजात शिशुका लागि नैसर्गिक अधिकारका रूपमा परिभाषित गरिएको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को परिच्छेद ३ को दफा १३ मा उल्लेख गरिएको प्रसूति बिदाको अधिकारभित्र नवजात शिशुलाई स्तनपान प्रवर्द्धन र सहजीकरणका लागि ९८ दिन पूर्ण तलबी बिदाको व्यवस्था गरिएको छ भने आवश्यक परेमा चिकित्सकको रायसल्लाह अनुसार बढीमा एक वर्षसम्म बेतलबी बिदा पाउने अधिकारको व्यवस्था गरिएको छ । ऐनमा सबै प्रकारका सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।

त्यस्तै, हरेक कार्यालय, विद्यालय, बसबिसौनी र विमानस्थल जस्ता स्थानमा छुट्टै स्तनपान कक्ष हुनुपर्ने व्यवस्था गरेको छ । किशोरावस्थामा छातीमा स्तनको आकार आएदेखि नै सल वा पछ्यौराले छोपेर हिंड्न सिकेका हुन्छौं। विवाहपछि बच्चालाई खुलारूपमा धेरैजनाको अगाडि नै स्तनपान गराउन लाज र सङ्कोचले गर्दा असहज मान्नु स्वाभाविक नै हो । स्तन भनेको महिलाको गोप्य अङ्ग नै मानिएको छ । गोप्य अङ्ग सार्वजनिक ठाउँमा देखाउनु लाजको विषय हो । गर्भवतीले गर्भधारण गरेदेखि नै बच्चालाई स्तनपान गराउने सपना देख्न थालिसकेकी हुन्छिन् । स्तनपान नवजात शिशुको लागि अमृत जत्तिकै हुन्छ। बच्चा जन्मिएको एक घण्टाभित्र नै प्रारम्भिक स्तनपान गराइन्छ। प्रारम्भिक स्तनपानमा सुत्केरी भएको एक घण्टाभित्रको बाक्लो बिगौती दूध खुवाउँदा बच्चाको शरीरमा रोगसँग लड्न सक्ने क्षमताको विकास हुन ठूलो योगदान पुग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ।

त्यसैगरी, बच्चा जन्मेदेखि छ महीनासम्म आमाको दूध मात्र खुवाउनु पूर्ण स्तनपानको सूचकका रूपमा लिन सकिन्छ । छ महीनासम्मका शिशुलाई आवश्यक पर्ने सबै पौष्टिक तत्त्व आमाको दूधमा पर्याप्त मात्रामा पाइने भएकाले जन्मेको आधा घण्टाभित्र स्तनपान शुरू गरिसक्नुपर्ने र २४ घण्टामा आठदेखि १० पटकसम्म आमाको दूध खुवाउनुपर्ने चिकित्सकहरू बताउँछन्। शिशुलाई दुई वर्षसम्म निरन्तर आमाको दूध खुवाए उनीहरूको बौद्धिक र शारीरिक विकास चाँडो हुने र स्वस्थ रहन्छन् ।

विशेषगरी कामकाजी महिलाहरूले बच्चालाई पूर्ण स्तनपान गराउन नसक्नु अहिलेको मुख्य समस्या हुन पुगेको छ । सुत्केरी बिदा सकिएर कार्यालय फर्किंदा उनको अगाडि कामको थुप्रो थुपारिएको हुन्छ । दिनको एक घण्टा बच्चालाई भेट्ने समय निकाल्न महिला कर्मचारीका लागि निकै मुश्किलको विषय बनेको छ। कार्यालयमा पुरुष कर्मचारीको सङ्ख्याभन्दा महिला कर्मचारीको सङ्ख्या धेरै भएपनि महीनावारी हुँदा, गर्भवती हुँदा वा सुत्केरी भइसकेर बच्चालाई दूध चुसाउने छुट्टै कोठाको व्यवस्था नहुँदा कामकाजी महिलाले बच्चालाई पूर्ण स्तनपान गराउन सकेका छैनन् ।

सुत्केरी बिदा सकेर कार्यालय फर्किएदेखि नै बट्टाको तयारी दूध खुवाएर बच्चाको पेट भर्नुपर्ने कामकाजी महिलाको बाध्यता रहेको छ। सुत्केरी बिदा बस्दा घरमा सहजरूपमा स्तनपान गराए पनि कामकाजी महिलाले कार्यालयमा स्तनपान कक्ष वा बच्चा स्याहार कोठाको छुट्टै व्यवस्था भएको पाइँदैन । दूध चुसाउने आमाहरू बच्चा लिएर यात्रामा होस् वा अन्य कुनै कामको सिलसिलामा घर बाहिर निस्कन पऱ्यो भने स्तनपान गराउने गोप्य कोठाको अभावमा बच्चालाई बोतलको दूध चुसाउन बाध्य हुन्छिन् ।

कार्यालयमा स्तपान कक्ष तथा शिशु स्याहार कक्षको व्यवस्था हुने भए हेरालु राखेर भएपनि कामकाजी महिलाले समयसमयमा बच्चालाई स्तनपान गराउन सक्नेछन् । सार्वजनिक स्थान, सरकारी कार्यालय, विद्यालय, होटल तथा रेस्टुरेन्टहरूमा पनि स्तनपान कक्षको व्यवस्था हुने हो भने दूधे बालककी आमाले निर्धक्क दूध चुसाउन सक्ने थिइन्। अहिलेका नाबालक शिशुहरूले आमाको पूर्ण स्तनपान गर्न नपाए शारीरिक तथा मानसिक रोगको शिकार हुन सक्ने जोखिम हुन्छ ।

विश्व स्वास्थ्य सङ्गठनले आमाको दूधको विकल्पमा प्रयोग हुने वस्तुहरूका कारण आमाहरूले बच्चालाई दूध खुवाउन नखोज्ने गरेको भन्दै त्यस्ता वस्तुको नियन्त्रणमा जोड दिएको छ । पछिल्लो समय शारीरिक सौन्दर्य बिग्रने डरले र बच्चाको चाँडो विकास हुने भ्रमले कतिपय महिलाहरूले शिशुलाई स्तनपान नगराइ वैकल्पिक पदार्थ खुवाउँदा बालमृत्युको जोखिम बढ्न गएको चिकित्सकहरूको भनाइ छ । यस्ता गलत विचारहरूको अन्त्यका लागि पनि दिवस, सप्ताहहरूको सान्दर्भिकता देखाउँछ । प्रत्येक वर्ष उत्सवका रूपमा 'विश्व स्तनपान सप्ताह' मनाउनुको मर्म त्यति बेला पूरा हुनेछ, जतिबेला एउटी आमाले विनासङ्कोच आफ्नो सन्तानलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्नेछिन् । सरकारी वा निजी कार्यालयको ढोकामा टाँगिएको ब्यानरले मात्रै कुनै अर्थ राख्दैन । (लेखक बालस्वास्थ्य र अधिकारका क्षेत्रमा क्रियाशील छन्। रासस)




**जोमसोममा काठको पुलः** मुस्ताङको घरपझोङ गाउँपालिकामा पर्ने जोमसोम बजारस्थित कालीगण्डकी नदीमाथि रहेको काठको पुल। काठको मात्र प्रयोग गरेर निर्माण गरिएको यो पुल जीर्ण बनेपछि घरपझोङ गाउँपालिकाले यस वर्ष मर्मतसम्भार गरेको छ। तस्बिरः सन्तोष गौतम/रासस

## फरक समाचार

### शरीरमा किन हुन्छ हेमोग्लोबिनको कमी

हेमोग्लोबिन हाम्रो शरीरमा पाइने एउटा महत्त्वपूर्ण प्रोटिन हो, जसले फोक्सोबाट अक्सिजनलाई शरीरका सबै भागमा पुऱ्याउँछ। शरीरमा हेमोग्लोबिनको मात्रा कम हुँदा एनिमिया नामक रोग लाग्ने गर्छ। रक्ताल्पताको धेरै कारण हुन सक्छ, जस्तै आइरनको कमी, भिटामिनको कमी, अत्यधिक रक्तस्राव आदि। हेमोग्लोबिनको कमी हुनुको मुख्य कारणबारे जानौं।



**फलामको कमी :** फलाम हेमोग्लोबिनको मुख्य घटक हो। फलामको कमीले शरीरमा हेमोग्लोबिनको उत्पादन घटाउँछ, जसले एनिमिया निम्त्याउन सक्छ।

**भिटामिनको कमी :** भिटामिन बी १२ र फोलिक एसिडले हेमोग्लोबिन उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्छ। यी भिटामिनको कमीले एनिमिया पनि हुन सक्छ।

**अत्यधिक रक्तस्राव :** महीनावारी, शल्यक्रिया वा चोटपटकका कारण अत्यधिक रक्तस्राव हेमोग्लोबिनको कमीको कारण हुन सक्छ।

**दीर्घकालीन रोगहरू :** मिर्गौला रोग, क्यान्सर र केही अन्य दीर्घकालीन रोगहरूले पनि हेमोग्लोबिनको कमी हुन सक्छ।

**खानपानमा गडबडी :** आइरन र भिटामिनयुक्त खानेकुराको सेवन नगर्दा पनि हेमोग्लोबिनको कमी हुन सक्छ।

**हेमोग्लोबिन कमीको लक्षण**: थकान, कमजोरी, चक्कर आउनु, सास फेर्न गाऱ्हो हुनु, छाला पहेंलो हुनु, टाउको दुख्नु, मुटुको धुकधुकी तीव्र हुनु।

**हेमोग्लोबिनको कमीबाट कसरी बच्ने ?** आइरनयुक्त आहार पालक, चुकन्दर, अन्जीर, दाल, मासु, कुखुरा आदि फलामका राम्रा स्रोत हुन्।

**भिटामिन बी १२ र फोलिक एसिडले भरपूर आहार लिनुहोस्:** अन्डा, दूध, दही, हरियो सागपात, तरकारी, सुन्तला आदि भिटामिन बी १२ र फोलिक एसिडका राम्रा स्रोत हुन्।

**चिकित्सकसँग परामर्श लिनुहोस् :** यदि तपाईंलाई एनिमिया भएको छ जस्तो लाग्छ भने तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नुहोस्।

### वर्षायाममा छालासम्बन्धी समस्या भएमा के गर्ने ?

मनसुनपछि मौसममा परिवर्तन आएसँगै छालासम्बन्धी समस्या पनि शुरू हुन्छ। सोरायसिस, दाग र सुक्खा छालाजस्ता समस्याले मानिसलाई सताउन थाल्छ । भारत, गोरखपुरको माधवार्पण अस्पतालका प्रमुख फिजिसियन मृत्युञ्जय त्रिपाठीले छालासम्बन्धी समस्या भएमा केही सजिलो र प्रभावकारी उपाय बताएका छन्।



वैद्य त्रिपाठीका अनुसार मनसुनपछि चीसो मौसममा पित्तको प्रकोप बढ्दै जाँदा छाला रोगको जोखिम बढ्छ। उनले यो मौसममा सुक्खा खानेकुरा र बेकरीका सामानको सेवन नगर्न बताए। यसका अलावा पेट सफा राख्नु पनि धेरै महत्त्वपूर्ण छ, किनभने पेटको प्रत्यक्ष सम्बन्ध छालासँग हुन्छ । छालासम्बन्धी रोगबाट जोगिन उनले केही सुझाव दिएका छन्।

**मौसमी तरकारी खानुहोस् :** करैला, परवर, अमला, लौका, नरिवल र अङ्कुरित अन्नजस्ता मौसमी तरकारी खानुपर्छ। यी तरकारीहरूले पित्त शान्त पार्न मदत गर्छ।

**नियमित व्यायाम :** चीसो मौसममा पित्तको प्रकोपका कारण रक्तचाप बढ्न सक्छ। नियमित व्यायामले रक्तचाप नियन्त्रणमा राख्छ र छाला स्वस्थ रहन्छ।

**हल्का खाना :** जौ र मुङ्गको दालबाट बनेको रोटी खाँदा पेट हलुका रहन्छ र छाला रोगको जोखिम कम हुन्छ।

**पर्याप्त पानी :** पानीले छालालाई हाइड्रेटेड राख्न मदत गर्छ र छालाको रोगबाट बचाउँछ।

यी उपाय गरे छाला रोगबाट सजिलै छुटकारा पाउन सकिने चिकित्सक त्रिपाठी बताउँछन्। प्राकृतिक उपचारले छालाको रोग निको पार्ने मात्र नभई शरीरलाई स्वस्थ राख्न मदत गर्ने उनको भनाइ छ।

### यस गाउँका पुरुष दुईवटा बिहे गर्छन्

भारतमा यस्ता थुप्रै गाउँ छन्, जहाँको परम्परा अद्वितीय छ। यी परम्पराहरू पछाडिका कथाहरू पनि धेरै रोचक छन्। एउटा यस्तो गाउँ छ, जहाँको परम्परा सुनेर तपाईं छक्क पर्नुहुनेछ।



**अनौठो गाउँ :** राजस्थानको मरुभूमि क्षेत्रमा अवस्थित रामदेयो गाउँ अनौठो परम्पराका लागि विश्वभर प्रसिद्ध छ। यस गाउँमा हरेक व्यक्तिले दुईपटक विवाह गर्छन् । यो सदियौंदेखि चलिआएको परम्परा हो । यो परम्पराको कारण आफ्नो धार्मिक आस्था रहेको गाउँका मानिसहरूको विश्वास छ। उनका अनुसार पुरुषको एउटा पत्नी भए परिवारमा छोरी मात्रै जन्मिन्छे। छोरा पाउनको लागि फेरि बिहे गर्नुपर्छ। यहाँका पुरुष दुवै पत्नीसँग बस्ने गर्छन्। दुवै पत्नी एउटै घरमा मिलेर बस्छन् र एकअर्कालाई दिदीबहिनी जस्तै मान्छन्। तर नयाँ पुस्ता यो परम्पराबाट असन्तुष्ट छन्। युवा पुस्ताले यो परम्परा पुरानो भएको र त्यसलाई परिवर्तन गर्नुपर्ने धारणा राखेका छन्। एक व्यक्तिले दुईटा विवाह गर्नु कानूनीरूपमा गलत भएको उनीहरूको भनाइ छ।

गाउँको यो अनौठो चलन प्रशासनलाई पनि थाहा छ । तर यस विषयमा अहिलेसम्म कुनै कारबाई भएको छैन। यस विषयमा कानूनी प्रक्रिया अघि बढाउनु अघि सबै पक्षमा विचार गरिने प्रशासनले जनाएको छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशमा नोबेल पुरस्कार विजेता युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न आह्वान

ढाका, २२ साउन/एएनआई/एएफपी

प्रधानमन्त्री शेख हसिनाको राजीनामापछि विद्यार्थी आन्दोलनका नेताहरूले बङ्गलादेशको वर्तमान राजनीतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्यूनले जनाएको छ।


प्रम हसिनाले राजीनामा दिएकोमा खुशी हुँदै बङ्गलादेशी जनता। तस्वीरः रायटर्स

प्रमुख विद्यार्थी नेता नाहिद इस्लाम, आसिफ महमुद र अबु बकर मजूमदारले मङ्गलवार भिडियो सन्देशमार्फत यस्तो घोषणा गरेका हुन्।

ट्रिब्यूनका अनुसार विद्यार्थी नेता नाहिदले सोमवार राति २४ घण्टाभित्र अन्तरिम सरकारको रूपरेखा तयार गरिने घोषणा गरेका थिए।

बङ्गलादेशमा सरकारी जागीरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै विद्यार्थी समूहले शुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजीनामा दिन बाध्य बनाएको हो।

बङ्गलादेशमा आएको राजनीतिक परिवर्तनपछि सोमवार राति नै राष्ट्रपति मोहम्मद साहबुद्दीनले सेनाप्रमुख वाकर-उज-जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गरेका छन्।

यसैबीच, बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी)का महासचिव मिर्जा फक्रुल इस्लाम आलमगीरले आफ्नो पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमान चाँडै नै देश फर्कने घोषणा गरेका छन्।

महासचिव मिर्जा फक्रुलले हसिना सरकारले नेता तारिक रहमानलाई झूटो मुद्दामा अन्यायपूर्णरूपमा निर्वासित गराएको जनाउँदै उनले आन्दोलनलाई समर्थन गरेको र तुरुन्तै स्वदेश फिर्ता हुने आशा व्यक्त गरे।

मिर्जा फक्रुलले आफ्ना पार्टी नेता बेगम खालिदा जियालाई समेत तुरुन्तै रिहा गर्ने निर्णय गरिएको उल्लेख गर्दै राजनीतिक कारणले जेलमा परेका अन्य व्यक्तिलाई पनि रिहा गर्ने बताए।

**बङ्गलादेशमा रिहा भएका राजनीतिक बन्दीहरूको पर्खाइमा परिवार**

बङ्गलादेशमा पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा गोप्यरूपमा बन्दी बनाइएका राजनीतिक व्यक्तिहरू मङ्गलवार रिहा भएसँगै उनीहरूको परिवार आफ्ना आफन्तको खबरका लागि पर्खिरहेका छन्।

"हामीलाई जवाफ चाहिन्छ," हसिनाको सुरक्षा बलले हिरासतमा लिएका मानिसहरूको रिहाइको माग गर्दै अभियान चलाइरहेको "आमाहरूको आह्वान" समूहका संयोजक सन्जिदा इस्लाम तुलीले भनिन्।

अधिकारकर्मीहरूले हसिनाको सुरक्षा बलले विशेषगरी प्रमुख विपक्षी दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) र देशको सबैभन्दा ठूलो इस्लामवादी पार्टी जमात-ए-इस्लामीका कार्यकर्तासहित लगभग ६०० जनालाई अपहरण गरी बेपत्ता पारेको आरोप लगाएका छन्।

टुलीले बताए अनुसार कम्तीमा २० परिवार बन्दी बनाइएको आफन्तको खबरको प्रतीक्षामा उत्तरी ढाकामा रहेको सैन्य गुप्तचर बलको भवनबाहिर भेला भएका छन्।

सेनाप्रमुख जनरल वाकर-उज-जमानले सोमवार हसिनाले हप्तौंको विरोध प्रदर्शनपछि राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताए।

हसिनाको राजीनामाको केही घण्टापछि राष्ट्रपति मोहम्मद साहबुद्दीन र सेनाप्रमुखको भेटवार्तापछि विद्यार्थीहरूको विरोध प्रदर्शनका क्रममा पक्राउ परेका सबैलाई रिहा गर्ने साथै प्रमुख विपक्षी नेता खालिदा जियालाई पनि मुक्त गर्ने निर्णय भएको थियो।

बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) की अध्यक्ष ७८ वर्षीय पूर्वप्रधानमन्त्री जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको जेलसजाय सुनाएपछि नजरबन्दमा राखिएको थियो।

विपक्षी कार्यकर्ता र वकील अहमद बिन कासेम पनि मङ्गलवार रिहा भएका छन्। "उहाँलाई आज बिहान गोप्य नजरबन्दबाट रिहा गरिएको छ," पारिवारिक साथी र आफन्त मासुम खलिलीले बताए।

हसिनाको सुरक्षा बललाई १०औं हजार विपक्षी कार्यकर्तालाई गैरकानूनी हिरासतमा राखिएको, सयौंको गैरन्यायिक हत्या गरिएको साथै विपक्षी नेता र समर्थकलाई बेपत्ता पारेको आरोप लगाइएको छ।

सन् २००९ मा हसिना सत्तामा आएपछि ६०० भन्दा बढी मानिस बेपत्ता पारिएका जसमध्ये लगभग १०० जना अझै पनि बेपत्ता रहेको ह्युमन राइट्स वाचले गत वर्ष बताएको थियो।

हसिनाको सरकारले बेपत्ता र गैरन्यायिक हत्याको आरोप अस्वीकार गर्दै आएको छ। रासस

# हिरोशिमामा बम आक्रमणको ७९औं वर्ष पूरा

टोकियो, २२ साउन/एएफपी

जापानको हिरोशिमा शहरमा भएको परमाणु बम आक्रमणको ७९औं वार्षिकोत्सवको अवसरमा आयोजित सम्मेलनमा युक्रेन र गाजामा भएको युद्धले विश्वव्यापीरूपमा डर र अविश्वासलाई गहिरो बनाएको हिरोशिमाका मेयरले मङ्गलवार बताएका छन्।

काजुमी मात्सुईले सन् १९४५ अगस्त ६ मा जापानी शहर हिरोशिमामा लगभग एक लाख ४० हजारजनाको ज्यान जाने गरी भएको अमेरिकी परमाणु बम आक्रमण पीडितहरूको सम्झनामा आयोजित स्मृति कार्यक्रममा शोकपूर्ण भाषण दिएका थिए।

"युक्रेनमा रूसको आक्रमण र इजरायल र प्यालेस्टाइनबीचको बिग्रँदै गएको अवस्थाले अनगिन्ती निर्दोष मानिसहरूको ज्यान लिइरहेको छ र सामान्य मानिसको जीवनलाई ध्वस्त पारेको छ," उनले भने।

"यी विश्वव्यापी त्रासदीले राष्ट्रहरूबीच अविश्वास र डरलाई गहिरो बनाइरहेका छन्, जसले अन्तर्राष्ट्रिय समस्या समाधान गर्न हामी सैन्य शक्तिमा भर पर्नुपर्छ भन्ने धारणालाई बलियो बनाउँछ।"

सन् १९४५ मा हिरोशिमामा आक्रमण गरेको केही दिनपछि अमेरिकाले दक्षिणपश्चिम जापानको नागासाकीमा दोस्रो परमाणु बम प्रहार गरेको थियो, जसमा करीब ७४ हजार मानिसको ज्यान गएको थियो।

यी दुई बम आक्रमणपछि दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो। युद्धमा परमाणु बम प्रयोग गरिएको यो पहिलो घटना हो।

मङ्गलवार आयोजित समारोहमा प्रधानमन्त्री फुमियो किशिदासहित अन्य व्यक्तिहरूले पीडितको सम्झनामा हिरोशिमा स्मारकमा रहेको शिलालेखमा माल्यार्पण गरे।

युक्रेन सङ्कटका कारण लगातार तेस्रो वर्ष रूस र बेलारूसलाई समारोहमा आमन्त्रित गरिएको थिएन।

प्यालेस्टिनी लडाकू समूह हमासले देशमा गरेको आक्रमणपछि गत वर्ष इजरायलले गाजामा सैन्य आक्रमण शुरू गरेपछि यो जापानी शहरमा आयोजित पहिलो शान्ति स्मारक हो।

समारोहमा सधैंजसो इजरायली राजदूतको उपस्थिति थियो तर हिरोशिमाले प्यालेस्टिनी प्रतिनिधिलाई आमन्त्रित नगरेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

शहरका एक अधिकारीले बताए अनुसार हिरोशिमाले इजरायललाई दिएको निमन्त्रणपत्रमा "सकेसम्म चाँडो युद्धविराम र वार्ताको माध्यमबाट समाधान"को आह्वान गरेको थियो। रासस

# ह्यारिसलाई पार्टीबाट औपचारिक अनुमोदन प्राप्त

वाशिङ्टन, २२ साउन/एपी

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले सोमवार डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपतीय उम्मेदवारका रूपमा औपचारिक अनुमोदन प्राप्त गरेकी छन्।

ह्यारिस पार्टीको तर्फबाट नेतृत्व गर्ने पहिलो महिला र पूर्वराष्ट्रपति ओबामापछिको दोस्रो अश्वेत उम्मेदवार हुन्।

राष्ट्रपति जो बाइडेनले अचानक आफ्नो उम्मेदवारी फिर्ता लिई ह्यारिसलाई समर्थन जनाएका थिए। ह्यारिसले पार्टीको तर्फबाट राष्ट्रपति उम्मेदवारको रूपमा औपचारिक अनुमोदन प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडि बढाएकी थिइन्।

डेमोक्रेटिक पार्टीबाट उम्मेदवार बन्न दुई हजार ९७६ प्रतिनिधिको समर्थन चाहिन्छ। जसमध्ये दुई हजार ५७९ जनाले उनलाई समर्थन गरेको एपीले जनाएको छ।

'डेमोक्रेटिक नेशनल कन्भेन्सन'का प्रतिनिधिहरूको पाँच दिने अनलाइन मतदान सोमवार समाप्त भएपछि ह्यारिसले आधिकारिक मनोनयन प्राप्त गरेकी हुन्। डेमोक्रेटिक पार्टीले जारी गरेको विज्ञप्तिका अनुसार ९९ प्रतिशत प्रतिनिधिले ह्यारिसको पक्षमा मतदान गरेका थिए। रासस


**पिङ खेल्दै बालबालिका:** रूपन्देहीको मर्चवारमा पिङ खेल्दै बालबालिका। तराईमा नागपञ्चमीका अवसरमा पिङ खेल्ने चलन रहेकाले साउनको शुरूदेखि नै बगैंचा एवं अन्य रूखहरूमा पिङ राख्ने गरिन्छ। तस्बिरः राधेश्याम विश्वकर्मा/रासस

# ग्रीन सिटी सामुदायिकद्वारा वृक्षारोपण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २२ साउन/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले वीरगंज-१४ स्थित सिद्धार्थ माध्यमिक विद्यालय परिसरमा वृक्षारोपण गरेको छ। कार्यक्रममा ९० थान विभिन्न प्रजातिका बिरुवाहरू रोपिएको थियो।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, सशस्त्र प्रउ राधेश्याम धिमाल, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मीणा, प्रहरी निरीक्षक नीता थापा, डिभिजन वन कार्यालय पर्साका सुनीलकुमार कर्णलगायतले वृक्षारोपण गरेका थिए।

# जेब्रा क्रसिङबाट बाटो काट्न बटुवाहरूलाई प्रशिक्षण

प्रस, वीरगंज, २२ साउन/

सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुरले मङ्गलवार वीरगंज-११ मुर्लीचोकमा जेब्रा क्रसिङबाट बाटो काट्न सर्वसाधारण बटुवाहरूलाई प्रशिक्षण दिएको छ।


तस्वीरः सौजन्य

केन्द्रका पदाधिकारीहरूले पैदल यात्रीलाई जेब्रा क्रसिङबाट बाटो काट्दा दायाँ बायाँ हेरेर मात्र बाटो काट्न तथा साइकलयात्रीलाई सडकको छेउबाट साइकल चलाउन जानकारी गराएका थिए। वीरगंजका बटुवाहरू जथाभावी सडक काट्ने तथा ट्राफिक नियम उल्लङ्घन गर्दा दुर्घटना बढेकाले यस प्रकारको प्रशिक्षण दिइएको सामुदायिक सेवा केन्द्र, श्रीपुरका सचिव कुलनारायण प्रधानले बताए।

कार्यक्रममा केन्द्र श्रीपुरका उपाध्यक्ष जयलाल साह, प्रहरी हवलदार सुभाषप्रसाद यादव, प्रहरी जवान अवरेन राय, राजुप्रसाद चौरसिया, निर्मल ताम्राकार, मधु सिंह राजपूतलगायतको सहभागिता थियो।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सन्तानसुख | वृष | वाहनखर्च |
| मिथुन | राज्यलाभ | कर्कट | मिष्ठान्नभोजन |
| सिंह | सुयश | कन्या | व्यर्थभ्रमण |
| तुला | मनोरञ्जन | वृश्चिक | पदोन्नति |
| धनु | ईश्वरभक्ति | मकर | रोगभय |
| कुम्भ | नारीसुख | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# प्रसौनीमा विद्यार्थीको आँखा परीक्षण

प्रस, वीरगंज, २२ साउन/

वीरगंज आँखा तथा दाँत अस्पतालले वीरगंज महानगरपालिका-२३ प्रसौनीस्थित माउन्ट हर्मन माविका विद्यार्थीहरूको निश्शुल्क आँखा परीक्षण तथा औषधि वितरण गरेको छ।

कार्यक्रममा २७० जना विद्यार्थीको आँखा परीक्षण गर्दा ४२ जना विद्यार्थीको आँखामा समस्या देखिएपछि औषधि दिइएको र अस्पतालमा उनीहरूको निश्शुल्क उपचार गरिने अस्पतालका व्यवस्थापक इम्तियाज अलीले बताए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# जङ्गलमा बेपत्ता भएका दुईजनाको अवस्था अज्ञात

प्रमोद यादव, पंचगावाँ, २२ साउन/

पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा बेपत्ता भएका दुईजना व्यक्तिको अवस्था अझै अज्ञात छ ।

साउन १५ गते मकवानपुरबाट गाँजा बोकेर आएका चारजनाले विजयबस्तीमा गाँजा पुऱ्याएर रामभौरीभाथास्थित दुग्धेश्वर महादेव मन्दिरको दर्शन गरी फर्किएको बताइन्छ ।

फर्किने क्रममा शीतलपुरको घना जङ्गलमा उनीहरूको हात्तीसँग जम्काभेट भएको थियो । हात्तीले आक्रमण गर्न थालेपछि चारैजना भाग्ने क्रममा दुईजनाको अवस्था हालसम्म अज्ञात रहेको पर्सा राष्ट्रिय निकुञ्ज रामभौरीभाथा पोस्टका रेन्जर चुमन ठाकुरले बताए ।

बेपत्ता भएका दुईजना मकवानपुर जिल्ला, राक्सिराङ गाउँपालिका–२ टुमकीका ३२ वर्षीय राजकुमार नेगी र मनहरी गाउँपालिका–५ दिलीपुरका रामकुमार मोक्तान रहेको रेन्जर ठाकुरले बताए । हात्तीको आक्रमणबाट जोगिएका दुईजनाले आफूलाई दुग्धेश्वर महादेवको दर्शन गर्न आएको र फर्किने क्रममा दुईजना साथी बेपत्ता भएको जानकारी गराएपछि नेपाली सेनासहितको टोलीले हिजो र आज खोजतलाश गरिरहेको रेन्जर ठाकुरले बताए ।

बेपत्ता भएका दुईजनासहित चारजना निकुञ्जको निषेधित क्षेत्रबाट प्रवेश गरेकाले उनीहरू गाँजा कारोबारी भएको अनुमान गरिएको छ । निकुञ्जको सो बाटो मुख्यतः चोरी शिकारी र लागूऔषधका कारोबारीहरूले प्रयोग गर्दै आएका छन् ।

गाँजा कारोबारीहरू निकुञ्ज अन्तर्गत मकवानपुरको लोथर, मनहरी, राक्सिराङ, दिलीपुर, मथनी, रामभौरीपोस्ट भएर पर्साको ठोरी गापाको शिकारीवास, गडुवालाइन, चारभैया, विजयबस्ती, सुवर्णपुर, पटेर्वासुगौली गापा र पर्सागढी नगरपालिकामा निस्कने गर्छन् । यो बाटो भएर सामान्य मानिसहरूको हिंड्डुल हुँदैन । मकवानपुरको लोथर, मनहरी र राक्सिराङबाट पर्साका ठोरी, पटेर्वासुगौली, जीराभवानी र पर्सागढी नपासम्मको यात्रा बढीमा तीन दिनको हुन्छ ।

निकुञ्जले यो क्षेत्रबाट आवतजावतका लागि निषेध गरेको कारण चोरी शिकारी र लागूऔषधका कारोबारीले प्रयोग गर्दै आएका हुन् । चारजना पनि ६० किलो गाँजासहित विजयबस्तीमा आएका र गाँजा पुऱ्याएर फर्कने क्रममा जङ्गलमा हात्तीको आक्रमणमा परेको स्रोतको दाबी छ ।

निकुञ्ज प्रशासनले भने गाँजाको बारेमा तथ्य खुलिनसकेकोले यसबारेमा प्रतिक्रिया दिन चाहेन । हामीलाई हात्तीको आक्रमणमा परेको कुरा आएको र सोही अनुरूप हिजो सोमवार र आज मङ्गलवार हराएका दुईजनाको खोजी कार्य गरिएको निकुञ्जका रेन्जर ठाकुरले बताए ।

# कर्मचारीको लापरवाही बढेको छ –मुख्यमन्त्री सिंह




प्रस, जनकपुरधाम, २२ साउन/

मन्त्रालयका कर्मचारीहरूले काममा साह्रै लापरवाही गरेको भन्दै मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सचेत गराएका छन् ।

प्रदेशको अर्थ मन्त्रालयले मङ्गलवार जनकपुरमा आयोजना गरेको कार्यशाला गोष्ठीमा मन्तव्य व्यक्त गर्दै मुख्यमन्त्री सिंहले कर्मचारीलाई सचेत गराएका हुन् । "मन्त्रालयका कर्मचारीहरूमा काम गर्ने जाँगर देखिएन । लापरवाही बढेको छ," मुख्यमन्त्री सिंहको भनाइ थियो ।

उनले लापरवाहीको उदाहरण दिंदै भने, "कतिसम्म लापरवाही छ भने, नयाँ सरकार आएको दुई महीना पुग्न लागेको छ । तर अहिलेसम्म कुनै मन्त्रालयको वेबसाइट अद्यावधिक छैन । १०/११ वटा मन्त्रालयका वेबसाइटहरू अझ अद्यावधिक नै भएका छैनन् । यो कतिसम्म जायज कुरा हो ?"

गोष्ठीमा मुख्यमन्त्री सिंहले सचिवदेखि लिएर अन्य तहका कर्मचारीहरूको ढिलासुस्तीका कारण प्रदेश सरकारको कामको परिणाम नदेखिएको भन्दै आक्रोश पोखे ।

(बाँकी तेस्रो पातामा)


## डेङ्गीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाइबाट बच्न मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## रूपनीमा रेकर्ड तोड वर्षा

प्रस, सप्तरी, २२ साउन/

सप्तरीको शम्भुनाथ नगरपालिकास्थित रूपनी बजारमा मङ्गलवार रेकर्ड तोड वर्षा भएको छ । इतिहासमैं अति भारी वर्षा भएको जलवायु मापन केन्द्रले जनाएको छ ।

रूपनीमा सोमवार साँझ ६:३० बजे देखि मङ्गलवार बिहान १०:३० बजेसम्मको वर्षा रेकर्ड गर्दा प्रतिघण्टा ७० मिलिमिटर वर्षा मापन भएको केन्द्रले जनाएको हो ।

यो परिमाण गत ३१ वर्षयताको ऐतिहासिक दोस्रो ठूलो परिमाण हो । रूपनी क्षेत्रको लागि भने यो अहिलेसम्मकै ठूलो वर्षा हो । सन् १९९३ मा कुलेखानीमा आरीघोप्टे वर्षा (क्लाउड ब्रस्ट) हुँदा प्रतिघण्टा ६५ मिलिमिटर वर्षा भएको थियो ।

त्यसपछि गत असार २३ र २४ गते कञ्चनपुरमा भएको आरीघोप्टे वर्षाको बेला हनुमाननगर केन्द्रमा एक घण्टाको अवधिमा १०२ मिलिमिटर वर्षा भएको थियो । यो अहिलेसम्मको पहिलो ठूलो वर्षा मापन रेकर्ड कायम रहेको छ ।

मङ्गलवार साँझसम्म सप्तरीमा वर्षाले कुनै क्षति नपुगेको प्रमुख जिल्ला अधिकारी मेखबहादुर मङ्ग्रातीले जानकारी दिए । "जिल्लामा अवस्था सामान्य छ, क्षति केही छैन," प्रजिअ मङ्ग्रातीले भने ।

साना खोलाहरूमा बाढी आएको छ भने कोशी नदीको बहाव सामान्य रहेको उनको भनाइ छ ।

# खेलकूदको संसार

## नेपाल काभा महिला भलिबलको फाइनलमा

काठमाडौं, २२ साउन/रासस


नेपाल सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) महिला नेशन्स लिग भलिबलको फाइनलमा प्रवेश गरेको छ । मङ्गलवार भएको दास्रो सेमिफाइनल खेलमा इरानलाई ३–० को सोझो सेटमा पराजित गर्दै नेपालले फाइनलमा भारतसँगको



भेट पक्का गरेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को कभर्डहलमा समूह चरणको हारको बदला लिंदै नेपालले इरानविरुद्ध शानदार जीत दर्ता गऱ्यो ।

निकै प्रतिस्पर्धात्मक खेलको पहिलो सेट नेपालले इरानलाई २५–२१ ले पराजित गऱ्यो । इरानसँग १–५ ले पछि परेको अवस्थाबाट लगातार पाँच अङ्क जोड्दै नेपालले अग्रता लिएको थियो । खेलको दोस्रो सेट भने निकै प्रतिस्पर्धात्मक रह्यो । एक समय १५–९ को अग्रता बनाएको नेपाल अन्त्यतिर २१–२४ ले पछि परेको थियो । त्यसपछि नेपालले लगातार तीन अङ्क जोड्दै खेललाई बराबरीमा ल्यायो र अन्ततः नेपालले इरानमाथि २८–२६ को जीत निकाल्यो ।



खेलको तेस्रो सेट भने नेपालले २५–२० ले आफ्नो पक्षमा पार्न सफल भयो । प्रतियोगितमा नेपाल अङ्कतालिकाको दोस्रो र इरान तेस्रो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गरेका थिए ।

यसअघि भएको लिग चरणको दोस्रो खेलमा इरानले नेपाललाई ३–२ को सेटमा पराजित गरेको थियो । सोही हारको बदला लिंदै नेपालले प्रतियोगिताको फाइनलमा भारतसँगको भेट पक्का गर्न सफल भयो ।

लिग चरणको खेलमा नेपालले श्रीलङ्का र माल्दिभ्सलाई समान ३–० को सेट र भारतलाई ३–२ को सेटमा पराजित गरेको थियो । लिग चरणमा भारतसँग ३–१ को सेटमा पराजय बेहोरेको इरानले श्रीलङ्कालाई ३–२ तथा माल्दिभ्सलाई ३–० को सेटमा पराजित गरेको थियो ।

जीतपछि नेपाली टोलीका मुख्य प्रशिक्षक जगदीश भट्टले अघिल्ला खेलमा भएका कमीकमजोरीलाई सुधार गर्दै इरानलाई पराजित गर्न सफल भएको बताए ।

बुधवार हुने फाइनलमा नेपाल भारतविरुद्ध लिगचरणमा निकालेको जीतलाई निरन्तरता दिने उद्देश्यका साथ उत्रनेछ । नेपाली टोलीका मुख्य प्रशिक्षक भट्टले भारतविरुद्ध यस अघिको जीतलाई निरन्तरता दिनेमा विश्वास व्यक्त गरे । उनले भने, "आज इरानविरुद्धको खेलमा तीन सेटमा खेलेकाले भोलि पनि तीनै सेटमा भारतलाई पराजित गर्दै उपाधि जित्ने लक्ष्य लिएका छौं ।"

## श्रीलङ्कालाई हराउँदै भारत काभा भलिबलको फाइनलमा

सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) महिला नेशन्स लिग भलिबलमा भारतले श्रीलङ्कालाई हराउँदै प्रतियोगिताको फाइनलमा पुगेको छ ।


राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा मङ्गलवार भएको पहिलो सेमिफाइनल खेलमा श्रीलङ्कालाई ३–० को सोझो सेटमा पराजित गर्दै भारत फाइनलमा पुगेको हो । भारतले खेलको पहिलो सेट २५–१५ ले जित्यो भने खेलको दोस्रो सेट २५–१६ ले आफ्नो पक्षमा पाऱ्यो ।

त्यस्तै, खेलको तेस्रो तथा अन्तिम सेट भारतले श्रीलङ्कामाथि २५–२३ को जीत निकाल्यो । खेलको तेस्रो सेटमा भने श्रीलङ्काको प्रदर्शन उत्कृष्ट रहेको थियो । श्रीलङ्काले १२–८ को अग्रता लिएपछि भारतलाई केही समय कठिन परेको थियो तर त्यो अग्रता श्रीलङ्काले लामो समयसम्म जोगाउन सकेन । त्यसपछि भारतले लगातार चार अङ्क बटुल्दै खेललाई १२–१२ को बराबरीमा ल्यायो ।

त्यसपछि पनि निकै प्रतिस्पर्धात्मक बनेको तेस्रो सेट अन्त्यमा भारतले २५–२३ ले आफ्नो पक्षमा पाऱ्यो ।

## पेरिस ओलम्पिक : अमेरिका २१ स्वर्णसहित शीर्ष स्थानमा

पेरिस, २२ साउन/एएफपी



सोमवारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिकमा अमेरिकाले २१ स्वर्ण, ३० रजत र २८ कांस्यसहित सबैभन्दा बढी ७९ पदकसहित अङ्कतालिकाको शीर्ष स्थानमा रहेको छ । चीन, फ्रान्स, अस्ट्रेलिया, बेलायत, दक्षिण कोरिया, जापान, इटाली, नेदरल्यान्ड्स र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन् ।

दोस्रोमा चीनले २१ स्वर्ण, १८ रजत र १४ कांस्यसहित कुल ५३ पदक हात पारेको छ भने फ्रान्सले १३ स्वर्ण, १६ रजत र १९ कांस्य पदकसहित कुल ४८ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौथो स्थानमा रहेको अस्ट्रेलियाले १३ स्वर्ण, १२ रजत र आठ कांस्यसहित ३३ पदक जितेको छ भने पाँचौं स्थानमा बेलायतले १२ स्वर्ण, १३ रजत र १७ कांस्यसहित कुल ४२ पदक जितेको छ ।

पदक तालिकामा छैटौं स्थानमा रहेको दक्षिण कोरियाले ११ स्वर्ण, आठ रजत र सात कांस्यसहित कुल २६ पदक जितेको छ भने जापानले १० स्वर्ण, पाँच रजत र ११ कांस्यसहित २६ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ ।

आठौं स्थानमा रहेको इटालीले नौ स्वर्ण, १० रजत र छ कांस्यसहित कुल २५ पदक जितेको छ भने नेदरल्यान्ड्सले सात स्वर्ण, पाँच रजत र पाँच कांस्यसहित कुल १७ पदक जित्दै नवौं स्थानमा रहेको छ । जर्मनीले सात स्वर्ण, पाँच रजत र चार कांस्यसहित कुल १६ पदक जितेर शीर्ष १० मध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ ।